# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, माघ १२ गते २०४३ साल (संख्या ४१

## भाग ३

श्री ५ को सरकार

### रक्षा मन्त्रालयको सूचना

**शाही सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था साधारण (बाह्रौं संशोधन) नियमहरू, २०४३**

शाही सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था साधारण नियमहरू, २०२० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा ११ र १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम शाही सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था साधारण (बाह्रौं संशोधन) नियमहरू, २०४३" रहेको छ ।

(२) यी नियमहरूको नियम ३ सम्वत् २०४४ मार्ग १ गतेदेखि र अरू नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. शाही सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था साधारण नियमहरू, २०२० को नियम १७ मा संशोधनः शाही सैनिक नियुक्ति, प्रमोशन र अरू

403

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विविध व्यवस्था साधारण नियमहरू, २०२० (यसपछि "मूल नियमावली" भनिएको) को नियम १७ को सट्टा देहायको नियम १७ राखिएको छः–

"१७. प्रमोशन सिलेक्सन वोर्डः (१) प्रधान सेनापतिले ग्राक्टिङ वा सब्स्टाण्टिभ महा-सेनानी, प्रमुख सेनानी, सेनानी र सह-सेनानी दर्जाको प्रमोशनको लागि देहायबमोजिमको प्रमोशन सिलेक्सन बोर्ड गठन गर्नेछः–

(क) कार्यरथी – अध्यक्ष

(ख) प्रधान सेनापतिद्वारा मनोनीत सहायक रथी दुईजना – सदस्य

(ग) सैनिक सचिव – सदस्य-सचिव

(२) प्रधान सेनापतिले उपनियम (१) को खण्ड (ख) का सदस्यहरू मनोनीत गर्दा प्रत्येक छ महिनामा परिवर्तन हुने गरी मनोनयन गर्नु पर्नेछ ।

(३) ग्राक्टिङ र सब्स्टाण्टिभ महा-सेनानी र प्रमुख सेनानी दर्जाको लागि प्रमोशन सिलेक्सन बोर्डले गरेको सिफारिश प्रधान सेनापतिले आफ्नो राय सहित श्री ५ को सरकार, रक्षा मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(४) प्रमोशनको लागि अनुपयुक्त भनी पतिको प्रतिवेदन परेका व्यक्तिको सम्बन्धमा प्रमोशन सिलेक्सन वोर्डले विचार गर्ने छैन ।"

३. मूल नियमावलीको नियम १९ मा संशोधनः मूल नियमावलीको नियम १९ को सट्टा देहायको नियम १९ राखिएको छः–

"१९. उमेरको हद : (१) शाही नेपाली सेनाको साधारण तर्फका व्यक्तिको उमेरको हद देहायबमोजिम हुनेछः–

| दर्जा | | उमेरको हद |
|---|---|---|
| (क) फलोवर्स | – | ५५ |
| (ख) सिपाही | – | ४४ |
| (ग) प्यूठ | – | ४५ |
| (घ) अमल्दार | – | ४६ |
| (ङ) हुद्दा | – | ४७ |
| (च) जमदार | – | ४८ |
| (छ) सुवेदार | – | ४९ |



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (ज) सहायक सेनानी । अनरेरी सह-सेनानी । अनरेरी उप-सेनानी र प्रमुख सुवेदार | – | ५० |
| (झ) उप-सेनानी | – | ५१ |
| (ञ) सह-सेनानी | – | ५२ |
| (ट) सेनानी | – | ५३ |
| (ठ) प्रमुख सेनानी | – | ५४ |
| (ड) महा-सेनानी | – | ५५ |
| (ढ) सहायक रथी | – | ५६ |
| (ण) उपरथी | – | ५७ |
| (त) रथी | – | ५८ |
| (थ) महारथी | – | ५९ |

तर प्रमुख सेनानी र सोभन्दा माथिका दर्जाका अधिकृतहरूलाई नियम १८ बमोजिमको अवधि वा उमेरको हद जुन अघि हुन्छ सोही मितिमा अवकाश दिइनेछ ।

(२) सैनिक कर्मचारीको उमेरको हद वेहायबमोजिम हुनेछः–

| दर्जा | उमेरको हद |
|---|---|
| (क) अमलदार | ५२ |
| (ख) हुद्दा | ५३ |
| (ग) जमदार | ५४ |
| (घ) सुवेदार | ५५ |

आज्ञाले,
मुकुन्दशम्सेर थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## श्रम तथा सामाजिक कल्याण मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूर-सम्बन्धी ऐन, २०१६ को दफा ६० ख. ले दिएको अधिकार प्रयोग गरी सो ऐनको दफा २७ बाहेक अन्य सम्पूर्ण दफाहरू निम्नलिखित प्रतिष्ठानहरूमा आजैका मिति-देखि प्रारम्भ हुने गरी तोकेको छ ।

१. रोदी रेष्टूराँ, जमल, काठमाडौं ।



४६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. अरिराङ्ग कोरियन रेष्टूराँ, दरबार मार्ग, काठमाडौं ।

३. ला दोत्से भिटा रेष्टूराँ, ठमेल, काठमाडौं ।

४. फुजी रेष्टूराँ, कान्तिपथ, काठमाडौं ।

५. नांग्लो रेष्टूराँ, दरबार मार्ग, काठमाडौं ।

६. कोटो रेष्टूराँ एण्ड बार, दरबार मार्ग, काठमाडौं ।

७. होटल श्रीनगर, पाल्पा ।

८. होटल एम. एम. इन्टरनेशनल, ठमेल ।

९. ओएसिस होटल, पाटन ढोका ।

१०. होटल न्यू गजुर, ज्याठा ।

११. पेन्सन वासना गेष्ट हाउस, डिल्लीबजार ।

१२. डाबल भ्यू गेष्ट हाउस, क्षेत्रपाटी ।

१३. फोटिन जोन, ठहिटी ।

१४. प्यारामाउण्ट गेष्ट हाउस, ठहिटी ।

१५. पोटाला गेष्ट हाउस, क्षेत्रपाटी ।

१६. कटेज औरोरा, डिल्ली बजार ।

१७. वाइल्ड लाइफ क्याम्प, सोरहवा, चितवन ।

१८. सफारी एडभेन्चर प्रा. लि., चितवन ।

आज्ञाले,

माधवलाल तवदार

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय खेलकूद परिषद्ले नेपाल शुटिंग संघलाई पश्चिम जर्मनीबाट आयात गर्ने खेलकूद सामान हावादारी बन्दूक ९ नौ थान र प्रतिबट्टामा ५०० छर्रा भएको छर्रा बट्टा ५०० मा भन्सार महसूल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,

लोकबहादुर श्रेष्ठ

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।